# बेलौरी राजपत्र

## बेलौरी नगरपालिकाद्वारा प्रकाशित

खण्ड ८ संख्या ४ मिति २०८१ मंसिर ५ गते

# भाग २

## बेलौरी नगरपालिकाको सूचना

**नेपालको संविधान धारा २२६ को उपधारा (२) बमोजिम निर्माण गरिएको सुदूरपश्चिम प्रदेशको स्थानीय तहको कानून निर्माण प्रक्रिया ऐन २०७५ को दफा २४ उपदफा (५) तथा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ उपदफा (३) बमोजिम सर्वसाधारण जनताको जानकारीका लागि प्रकाशन गरिएको छः**

### बेलौरी नगरपालिकाको सब-इन्जिनियर तथा सहायक कम्प्युटर अपरेटर पदको छनौटको मापदण्ड २०८१

बेलौरी नगरपालिकाको प्रशासकीय कार्यविधि ऐन, २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी बेलौरी नगरपालिकाले सब-इन्जिनियर तथा सहायक कम्प्युटर अपरेटर छनौट तथा सिफारिसका लागि यो मापदण्ड बनाई लागु गरेको छ ।



### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

क) यस मापदण्डको नाम "बेलौरी नगरपालिकाको सब-इन्जिनियर तथा सहायक कम्प्युटर अपरेटर पदको छनौटको मापदण्ड २०८१" रहेको छ ।

ख) यो मापदण्ड नगर कार्यपालिकाले निर्णय गरेको मितिबाट प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमा,

क) "संयोजक" भन्नाले बेलौरी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी सम्झनु पर्दछ ।

ख) "सदस्य" भन्नाले कर्मचारी प्रशासन शाखाको अधिकृत स्तरको शाखा प्रमुख / कर्मचारी सम्झनु पर्दछ ।

ग) "सदस्य सचिव" भन्नाले सम्बन्धित शाखा प्रमुख वा प्रमुख प्रशासकिय अधिकृतले तोकेको कर्मचारी सम्झनु पर्दछ ।

घ) "विषय विज्ञ" भन्नाले संयोजकले तोकेको सम्बन्धित विषयको विज्ञ सम्झनु पर्दछ ।

ङ) "मापदण्ड" भन्नाले "बेलौरी नगरपालिकाको सब-इन्जिनियर तथा सहायक कम्प्युटर अपरेटर पदको छनौटको मापदण्ड २०८१" सम्झनु पर्दछ ।

च) "कार्यालय" भन्नाले बेलौरी नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ ।

छ) "सब ईन्जिनियर" भन्नाले यस मापदण्ड बमोजिम छनौट तथा सिफारिस हुने सब ईन्जिनियर सम्झनु पर्दछ ।

ज) "सहायक कम्प्युटर अपरेटर" भन्नाले यस मापदण्ड बमोजिम छनौट तथा सिफारिस हुने सहायक कम्प्युटर अपरेटर सम्झनु पर्दछ ।

झ) "समिति" भन्नाले बुंदा ३ बमोजिम गठित सिफारिस तथा छनौट समिति सम्झनु पर्दछ ।

### <u>३. सिफारिस तथा छनौट समिती</u>

सब-इन्जिनियर तथा सहायक कम्प्युटर अपरेटर छनौट तथा सिफारिसका लागि देहाय बमोजिमको छनौट तथा सिफारिस समिती रहने छ ।

क) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतः- संयोजक

ख) कर्मचारी प्रशासन शाखाको अधिकृत स्तरको शाखा प्रमुख / कर्मचारीः- सदस्य

ग) सम्बन्धित शाखा प्रमुख वा प्रमुख प्रशासकीय अधिकृतले तोकेको कर्मचारीः- सदस्य सचिव

नोटः- उल्लिखित बमोजिमको समितिको बैठकमा सम्बन्धित विषयका विज्ञलाई आमन्त्रित सदस्यको रुपमा राखिनेछ ।

<u>४. छनौट प्रकृयाः-</u> सब-इन्जिनियर तथा सहायक कम्प्युटर अपरेटर करारमा पदपुर्ति गर्ने प्रयोजनको लागि छनौट सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ ।

❖ **सब-इन्जिनियरको हकमा**





- प्रारम्भिक योग्यताक्रम सूचीः- ५० अंक
- लिखितः- वस्तुगत बहुवैकल्पिक (१०० अंक)
- अन्तर्वार्ताः- १५ अंक

❖ **सहायक कम्प्युटर अपरेटरको हकमा**

- प्रारम्भिक योग्यताक्रम सूचीः- ५० अंक
- लिखितः- वस्तुगत बहुवैकल्पिक (५० अंक)
- प्रयोगात्मकः- ५० अंक
- अन्तर्वार्ताः- ७.५ अंक

**क) पहिलो चरणः- प्रारम्भिक योग्यताक्रम**

❖ **सब-इन्जिनियरको हकमा**

सब-इन्जिनियर पदको प्रारम्भिक योग्यताक्रम निर्धारण गर्दा देहाय बमोजिमको मूल्याङ्कनका आधारमा गरिनेछः-

अ) न्यूनतम शैक्षिक योग्यताको प्राप्त लब्धाङ्क प्रतिशत बापत ३० (तीस) अंक,

(अंक गणना गर्ने सुत्रः- $\frac{\text{लब्धाङ्क प्रतिशत}}{\text{१००}} \times \text{३०}$)

आ. न्यूनतम शैक्षिक योग्यता भन्दा माथिल्लो शैक्षिक योग्यताको प्राप्त लब्धाङ्क प्रतिशत (इन्जिनियरिङ्ग संकायबाट स्नातक तह उतिर्ण) बापत १० (दश) अंक,

(अंक गणना गर्ने सुत्रः- $\frac{\text{लब्धाङ्क प्रतिशत}}{\text{१००}} \times \text{१०}$)

इ. नेपाल सरकारद्वारा संञ्चालित कार्यक्रम वा स्थानीय तहमा सम्बन्धित पदमा काम गरेको अनुभव बापत प्रति वर्ष १ अङ्कका दरले अधिकतम ५ (पाँच) अंक,

(अंक गणना गर्ने सुत्रः- अनुभव वर्ष × १)

ई. बेलौरी नगरपालिकाको स्थायी बासिन्दाका लागि ५ (पाँच) अंक तथा बेलौरी नगरपालिका भन्दा बाहिर स्थायी बासिन्दाका लागि २.५ (दुई दशमलव पाँच) अंक ।

❖ **सहायक कम्प्युटर अपरेटरको हकमा**

सहायक कम्प्युटर अपरेटर पदको प्रारम्भिक योग्यताक्रम निर्धारण गर्दा देहाय बमोजिमको मूल्याङ्कनका आधारमा गरिनेछः-

अ) न्यूनतम शैक्षिक योग्यताको प्राप्त लब्धाङ्क प्रतिशत बापत ३० (तीस) अंक,

(अंक गणना गर्ने सुत्रः- $\frac{\text{लब्धाङ्क प्रतिशत}}{१००} \times ३०$)

आ. न्यूनतम शैक्षिक योग्यता भन्दा माथिल्लो शैक्षिक योग्यताको प्राप्त लब्धाङ्क प्रतिशत (प्रमाण पत्र तह र ६ महिने कम्प्युटर डिप्लोमा तालिम दुवै अनिवार्य) बापत १० (दश) अंक,

(अंक गणना गर्ने सुत्रः- $\frac{\text{लब्धाङ्क प्रतिशत}}{१००} \times १०$)

इ. नेपाल सरकारद्वारा संञ्चालित कार्यक्रम वा स्थानीय तहमा सम्बन्धित पदमा काम गरेको अनुभव बापत प्रति वर्ष १ अङ्कका दरले अधिकतम ५ (पाँच) अंक,





(अंक गणना गर्ने सुत्रः- अनुभव वर्ष × १)

ई. बेलौरी नगरपालिकाको स्थायी बासिन्दाका लागि ५ (पाँच) अंक तथा बेलौरी नगरपालिका भन्दा बाहिर स्थायी बासिन्दाका लागि २.५ (दुई दशमलव पाँच) अंक ।

**ख) दोस्रो चरणः- लिखित परीक्षा**

❖ **सब-इन्जिनियरको हकमा**

प्रारम्भिक योग्यताक्रमको सूचीमा छनौट हुनका लागि कम्तिमा २० अंक प्राप्त गर्नुपर्ने छ, प्रारम्भिक योग्यताक्रमको सूचीमा छनौट भएका उम्मेद्वारहरुको लिखित परीक्षा लोकसेवा आयोग सुदुरपश्चिम प्रदेश स्थानीय तहको पाँचौ तहको सब-इन्जिनियर पदका लागि निर्धारण गरेको पाठ्यक्रम बमोजिम हुनेछ ।

| पत्र | विषय | पूर्णांकं | उत्तीर्णांकं | परीक्षा प्रणाली | प्रश्न संख्या * अंक | समय |
|---|---|---|---|---|---|---|
| प्रथम | सेवा सम्बन्धी | १०० | ४० | वस्तुगत बहुवैकल्पिक प्रश्न (Multiple Choice) | ५० प्रश्न * २ अंक | ४५ मिनेट |

❖ **सहायक कम्प्युटर अपरेटरको हकमा**

प्रारम्भिक योग्यताक्रमको सूचीमा छनौट हुनका लागि कम्तिमा २० अंक प्राप्त गर्नुपर्ने छ, प्रारम्भिक योग्यताक्रमको सूचीमा छनौट भएका

उम्मेद्वारहरुको लिखित परीक्षा लोकसेवा आयोग सुदुरपश्चिम प्रदेश स्थानीय तहको चौथो तहको सहायक कम्प्युटर अपरेटर पदका लागि निर्धारण गरेको पाठ्यक्रम बमोजिम हुनेछ ।

| पत्र | विषय | पूर्णांकं | उत्तीर्णकं | परीक्षा प्रणाली | प्रश्न संख्या * अंक | समय |
|---|---|---|---|---|---|---|
| प्रथम | कम्प्युटर सम्बन्धी | ५० | २० | वस्तुगतः बहुवैकल्पिक प्रश्न (Multiple Choice) | ५० प्रश्न * १ अंक | ४५ मिनेट |

ग). तेस्रो चरण प्रयोगात्मक परीक्षा तथा अन्तर्वार्ताः

❖ सब-इन्जिनियरको हकमा

| क्र.सं. | विषय | पूर्णांकं | उत्तीर्णांकं | परीक्षा प्रणाली | समय |
|---|---|---|---|---|---|
| १ | अन्तर्वार्ता | १५ | - | मौखिक | - |

❖ सहायक कम्प्युटर अपरेटरको हकमा

| क्र.सं. | विषय | पूर्णांकं | उत्तीर्णांकं | परीक्षा प्रणाली | समय |
|---|---|---|---|---|---|





| | | | | | |
|---|---|---|---|---|---|
| १ | प्रयोगात्मक परीक्षा | ५० | २५ | प्रयोगात्मक | ४५ मिनेट |
| २ | अन्तर्वार्ता | ७.५ | - | मौखिक | - |

५. प्रारम्भिक योग्यताक्रम सूचीमा परेका उम्मेद्वारहरु मात्रै दोस्रो चरणमा सहभागी गराईनेछ साथै लिखित परीक्षामा उत्तिर्ण भएका उम्मेदवारहरु मात्रै तेस्रो चरण प्रयोगात्मक परीक्षा तथा अन्तर्वार्ता सहभागी गराईनेछ ।

६. वस्तुगत बहुवैकल्पिक (Multiple Choice) प्रश्नहको गलत उत्तर लेखिएमा प्रत्येक गलत उत्तर वापत २० प्रतिशत अंक कट्टा गरिनेछ । तर उत्तर नदिएमा त्यस वापतको अंक कट्टा गरिनेछैन ।

७. बहुवैकल्पिक परीक्षामा कुनै प्रकारको क्यालकुलेटर, मोवाईल र अन्य विद्युतीय सामाग्री प्रयोग गर्न पाइने छैन ।

८. प्रारम्भिक योग्यताक्रममा प्राप्त भएको प्राप्ताङ्क दोस्रो तथा तेस्रो चरणमा गणना गरिनेछैन ।

**आज्ञाले**
**तारा दत्त अवस्थी**
**प्रमुख प्रशासकीय अधिकृत**